न्यू सृष्टि दैनिक
२०८२ माघ ७ गते बुधबार
Wednesday 21 January 2026
न्यू सृष्टि दैनिक

## प्रतिनिधि सभा सदस्यका लागि मोरङबाट क-कसले उम्मेदवारी दर्ता गराए ?

| क्र.सं. | जिल्ला | क्षेत्र | दल / स्वतन्त्र | उम्मेदवारको नाम | उमेर |
|---|---|---|---|---|---|
| १ | मोरङ | १ | राष्ट्रिय स्वतन्त्र पार्टी | यज्ञमणि न्यौपाने | ४१ |
| २ | मोरङ | १ | नेपाली काँग्रेस | खड्ग बहादुर फागु | ५० |
| ३ | मोरङ | १ | राष्ट्रिय प्रजातन्त्र पार्टी | पूर्ण बहादुर वाइवा तामाङ्ग | ७० |
| ४ | मोरङ | १ | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | दिल कुमारी लावती | ४९ |
| ५ | मोरङ | १ | स्वतन्त्र | मिलन भण्डारी | ४८ |
| ६ | मोरङ | १ | स्वतन्त्र | याम प्रसाद दाहाल | ६० |
| ७ | मोरङ | १ | स्वतन्त्र | प्रेम वर्देवा | ३७ |
| ८ | मोरङ | १ | स्वतन्त्र | ईशोर वाग्ले | ५० |
| ९ | मोरङ | १ | जनता समाजवादी पार्टी, नेपाल | दुर्गा प्रसाद दर्लामी | ५८ |
| १० | मोरङ | १ | राष्ट्रिय परिवर्तन पार्टी | दुर्गा कुमारी तामाङ | ४१ |
| ११ | मोरङ | १ | नेपाल कम्युनिस्ट पार्टी (माओवादी) | डिल्ली राम नेपाली | ५७ |
| १२ | मोरङ | १ | नेपाल जनमुक्ति पार्टी | फिव राज लिम्वु | ४८ |
| १३ | मोरङ | १ | मंगोल नेशनल अर्गनाइजेसन | सुरज लिम्वु | ४२ |
| १४ | मोरङ | १ | स्वतन्त्र | पशुपति घिमीरे | ६१ |
| १५ | मोरङ | १ | मितेरी पार्टी नेपाल | डिल्ली राम लिम्बु | ४२ |
| १६ | मोरङ | १ | नेपाली कम्युनिष्ट पार्टी | कुल प्रसाद साम्बा | ४७ |
| १७ | मोरङ | १ | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) | घनश्याम खतीवडा | ६४ |
| १८ | मोरङ | १ | श्रम संस्कृति पार्टी | शान्ती पाखिन लामा | ४४ |
| १९ | मोरङ | २ | राष्ट्रिय उर्जाशील पार्टी, नेपाल | मनोज कुमार राजवंशी | ३४ |
| २० | मोरङ | २ | मंगोल नेशनल अर्गनाइजेसन | धन बहादुर लिम्बु | ३५ |
| २१ | मोरङ | २ | स्वतन्त्र | नरेश कुमार साह | ५४ |
| २२ | मोरङ | २ | स्वतन्त्र | अनिल कुमार साह | ४२ |
| २३ | मोरङ | २ | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत | दिलीप कुमार अग्रवाल | ५९ |
| २४ | मोरङ | २ | जनमत पार्टी | घनश्याम चौधरी | ४४ |
| २५ | मोरङ | २ | राष्ट्रिय मुक्ति पार्टी नेपाल(एकल चुनाव चिन्ह) | माधव प्रसाद राजवंशी | ५३ |
| २६ | मोरङ | २ | स्वतन्त्र | राजन निरौला | ४१ |
| २७ | मोरङ | २ | राष्ट्रिय स्वतन्त्र पार्टी | कृष्ण कुमार कार्की | ४० |
| २८ | मोरङ | २ | जनता समाजवादी पार्टी, नेपाल | विनोद कुमार सिंह गनगाई | ५३ |
| २९ | मोरङ | २ | नेपाली कम्युनिष्ट पार्टी | चन्द्र वीर राई | ७० |
| ३० | मोरङ | २ | राष्ट्रिय परिवर्तन पार्टी | धन वहादुर सुनुवार | ३८ |
| ३१ | मोरङ | २ | नेपाल कम्युनिस्ट पार्टी (माओवादी) | मेघेन्द्र कुमार रोक्का | ४३ |
| ३२ | मोरङ | २ | नेपाली काँग्रेस | मिनेन्द्र प्रसाद रिजाल | ६८ |
| ३३ | मोरङ | २ | राष्ट्रिय प्रजातन्त्र पार्टी | कन्स राज राजवंशी | ४१ |
| ३४ | मोरङ | २ | स्वतन्त्र | बुधु रिषिदेव | ५७ |
| ३५ | मोरङ | २ | श्रम संस्कृति पार्टी | अबुहो रेरह | ३७ |
| ३६ | मोरङ | ३ | राष्ट्रिय उर्जाशील पार्टी, नेपाल | भुवन कुमार वाग्ले | ४६ |
| ३७ | मोरङ | ३ | स्वतन्त्र | सुरेश लिम्बु | ३४ |
| ३८ | मोरङ | ३ | नेपाल मजदुर किसान पार्टी | प्रशुराम विश्वास थारु | ५८ |
| ३९ | मोरङ | ३ | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | डिल्ली वहादुर जबेगु | ५५ |
| ४० | मोरङ | ३ | स्वतन्त्र | दल वहादुर थापा | ४३ |
| ४१ | मोरङ | ३ | राष्ट्रिय स्वतन्त्र पार्टी | गणेश कार्की | ४० |
| ४२ | मोरङ | ३ | नेपाली कम्युनिष्ट पार्टी | डा. देउमान सम्वाहाङफे | ५८ |
| ४३ | मोरङ | ३ | नेपाल कम्युनिस्ट पार्टी (माओवादी) | खड्ग बहादुर कार्की | ४५ |
| ४४ | मोरङ | ३ | नेपाली काँग्रेस | शुनिल कुमार शर्मा | ४८ |
| ४५ | मोरङ | ३ | राष्ट्रिय प्रजातन्त्र पार्टी | प्रेम प्रसाद सुवेदी | ५७ |
| ४६ | मोरङ | ३ | मंगोल नेशनल अर्गनाइजेसन | बिकेन्द्र राई | ४४ |
| ४७ | मोरङ | ३ | स्वतन्त्र | कन्चन न्यौपाने | २६ |
| ४८ | मोरङ | ३ | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) | इरन कुमार राई | ५५ |
| ४९ | मोरङ | ३ | संयुक्त नागरिक पार्टी | विदुर अधिकारी | ४६ |
| ५० | मोरङ | ३ | श्रम संस्कृति पार्टी | अमिर मगर | ३६ |
| ५१ | मोरङ | ३ | स्वतन्त्र | तेज प्रसाद भण्डारी | ४३ |
| ५२ | मोरङ | ३ | जनता समाजवादी पार्टी, नेपाल | मजेबुल रहमान | ५५ |
| ५३ | मोरङ | ३ | स्वतन्त्र | गणेश मिश्र | ५३ |
| ५४ | मोरङ | ३ | आम जनता पार्टी(एकल चुनाव चिन्ह) | कमल कुमार राई | ५५ |
| ५५ | मोरङ | ३ | जय मातृभूमि पार्टी | नवराज मास्के | ५७ |
| ५६ | मोरङ | ३ | उज्यालो नेपाल पार्टी | मित्रसेन योञ्जन | ५२ |
| ५७ | मोरङ | ४ | समावेशी समाजवादी पार्टी | नुमा लिम्बु | ३९ |
| ५८ | मोरङ | ४ | नागरिक उन्मुक्ति पार्टी, नेपाल(एकल चुनाव चिन्ह) | हरि नारायण चौधरी | ५२ |
| ५९ | मोरङ | ४ | आम जनता पार्टी(एकल चुनाव चिन्ह) | अशोक शर्मा | ३६ |
| ६० | मोरङ | ४ | नेपाली काँग्रेस | गुरु राज घिमिरे | ५७ |
| ६१ | मोरङ | ४ | नेपाल मजदुर किसान पार्टी | जयराम थारु | ४३ |
| ६२ | मोरङ | ४ | नेपाली कम्युनिष्ट पार्टी | अमन लाल मोदी | ४० |
| ६३ | मोरङ | ४ | मंगोल नेशनल अर्गनाइजेसन | गोल्छा राई | ४४ |
| ६४ | मोरङ | ४ | नेपाल कम्युनिस्ट पार्टी (माओवादी) | हरि बहादुर बस्नेत | ५८ |
| ६५ | मोरङ | ४ | राष्ट्रिय प्रजातन्त्र पार्टी | माधव प्रसाद आचार्य | ४८ |
| ६६ | मोरङ | ४ | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | हरनु मुसहर | ६७ |
| ६७ | मोरङ | ४ | स्वतन्त्र | भक्त मणी दाहाल | ५८ |
| ६८ | मोरङ | ४ | स्वतन्त्र | विनोद कुमार कार्की | ४७ |
| ६९ | मोरङ | ४ | स्वतन्त्र | ज्ञानेन्द्र खत्री | ५१ |
| ७० | मोरङ | ४ | राष्ट्रिय स्वतन्त्र पार्टी | सन्तोष राजवंशी | ३४ |
| ७१ | मोरङ | ४ | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत | जिवन घिमीरे | ६३ |
| ७२ | मोरङ | ४ | जनमत पार्टी | जिवन कुमार गुप्ता | ४६ |
| ७३ | मोरङ | ४ | जनता समाजवादी पार्टी, नेपाल | तवरेज अखतर आलम | ६० |
| ७४ | मोरङ | ४ | श्रम संस्कृति पार्टी | कृष्ण कुमार अटल | ४५ |
| ७५ | मोरङ | ४ | उज्यालो नेपाल पार्टी | विनोद परियार | ३९ |
| ७६ | मोरङ | ४ | राष्ट्र निर्माण दल नेपाल | कल्पना देवि यादव | ४६ |
| ७७ | मोरङ | ५ | नेपाल मजदुर किसान पार्टी | गंगा कुमारी राजवंशी | २५ |
| ७८ | मोरङ | ५ | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | मंगल ऋषिदेव | ४२ |
| ७९ | मोरङ | ५ | स्वतन्त्र | सुजित कुमार साह | २७ |
| ८० | मोरङ | ५ | राष्ट्रिय प्रजातन्त्र पार्टी | कुमोद राय | ४५ |
| ८१ | मोरङ | ५ | स्वतन्त्र | जय नारायण शर्मा | ५४ |
| ८२ | मोरङ | ५ | प्रगतिशील लोकतान्त्रिक पार्टी | राजेन्द्र प्रसाद मण्डल केवट | ४६ |
| ८३ | मोरङ | ५ | राष्ट्रिय उर्जाशील पार्टी, नेपाल | योगेन्द्र मण्डल | ५४ |
| ८४ | मोरङ | ५ | स्वतन्त्र | सूर्य नारायण ठाकुर | ४५ |
| ८५ | मोरङ | ५ | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) | मनोज कुमार अग्रवाल | ४७ |
| ८६ | मोरङ | ५ | जनमत पार्टी | परमेश्वर मुर्मु | ४६ |
| ८७ | मोरङ | ५ | नेपाली काँग्रेस | फुल कुमार लालवानी | ६४ |
| ८८ | मोरङ | ५ | स्वतन्त्र | ममता यादव | ४१ |
| ८९ | मोरङ | ५ | स्वतन्त्र | मोहमद रेजा हुसैन | ५१ |
| ९० | मोरङ | ५ | स्वतन्त्र | राज कुमार राजवंशी | ५७ |
| ९१ | मोरङ | ५ | स्वतन्त्र | अमर कुमार यादव | २५ |
| ९२ | मोरङ | ५ | स्वतन्त्र | विकाश श्रेष्ठ | ६० |
| ९३ | मोरङ | ५ | राष्ट्रिय स्वतन्त्र पार्टी | आशा झा | ४२ |
| ९४ | मोरङ | ५ | जनता समाजवादी पार्टी, नेपाल | राज कुमार यादव | ५३ |
| ९५ | मोरङ | ५ | नेपाल कम्युनिस्ट पार्टी (माओवादी) | गंगा प्रसाद गिरी | ७० |
| ९६ | मोरङ | ५ | राष्ट्रिय मुक्ति पार्टी नेपाल (एकल | नरेश कुमार लाभ | ४३ |
| ९७ | मोरङ | ५ | मंगोल नेशनल अर्गनाइजेसन | सकुन्तला श्रेष्ठ | ३४ |
| ९८ | मोरङ | ५ | नेपाली कम्युनिष्ट पार्टी | शिव कुमार मंडल (केवट) | ५० |
| ९९ | मोरङ | ६ | स्वतन्त्र | राम खत्री | २५ |
| १०० | मोरङ | ६ | मंगोल नेशनल अर्गनाइजेसन | अनु मगर | ४८ |
| १०१ | मोरङ | ६ | राष्ट्रिय प्रजातन्त्र पार्टी | सविन निरौला | २७ |
| १०२ | मोरङ | ६ | आम जनता पार्टी(एकल चुनाव चिन्ह) | बद्री पासवान | ५४ |
| १०३ | मोरङ | ६ | जनमत पार्टी | सुध राम माझी | ५४ |
| १०४ | मोरङ | ६ | जनता समाजवादी पार्टी, नेपाल | राजु मण्डल राजवंशी | ५४ |
| १०५ | मोरङ | ६ | नेपाली कम्युनिष्ट पार्टी | ओपेन्द्र कुमार राय | ४८ |
| १०६ | मोरङ | ६ | श्रम संस्कृति पार्टी | मातृका पौडेल | ४९ |
| १०७ | मोरङ | ६ | नेपाल कम्युनिस्ट पार्टी (माओवादी) | कुमार प्रसाद खतिवडा | ४० |
| १०८ | मोरङ | ६ | स्वतन्त्र | किरण खडका | ४७ |
| १०९ | मोरङ | ६ | नेपाली काँग्रेस | डा शेखर कोइराला | ७५ |
| ११० | मोरङ | ६ | नेपाल मजदुर किसान पार्टी | तिलकराम राजवंशी | ५२ |
| १११ | मोरङ | ६ | स्वतन्त्र | खडा नन्द रिजाल | ६३ |
| ११२ | मोरङ | ६ | स्वतन्त्र | उत्तम दाहाल | ४५ |
| ११३ | मोरङ | ६ | राष्ट्रिय स्वतन्त्र पार्टी | रुबिना आचार्य | ३१ |
| ११४ | मोरङ | ६ | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत | विनोद प्रसाद ढकाल | ५७ |
| ११५ | मोरङ | ६ | जनता समाजवादी पार्टी(एकल चुनाव | महमद जाविर | ४५ |
| ११६ | मोरङ | ६ | सार्वभौम नागरिक पार्टी | प्रिती झा | ४६ |
| ११७ | मोरङ | ६ | उज्यालो नेपाल पार्टी | बसन्त बुढाथोकि | २५ |
| ११८ | मोरङ | ६ | नागरिक उन्मुक्ति पार्टी | बलराम खवास | ५० |

# १६५ सांसदका लागि २९२५ उम्मेदवार

**विराटनगर (न्यू सृष्टि दैनिक)-** प्रतिनिधि सभामा प्रत्यक्षतर्फ १६५ सांसदका लागि देशभर मंगलबार २ हजार ९ सय २५ जनाले मनोनयन पत्र दाखिला गरेका छन् ।

निर्वाचन आयोगका अनुसार तोकिएको समयसम्म भएको मनोनयनको यो प्रारम्भिक तथ्यांक हो । अन्तिम विवरण यो समाचार तयार पार्दासम्म आइपुगेको छैन ।

पछिल्लो विवरण अनुसार महिला ३३६ जना, पुरुष २५८९ जना, अपाङ्गता भएका ८५ जना र पछिडिएको क्षेत्रबाट १३८ जनाको उम्मेदवारी दर्ता भएको निर्वाचन आयोगले जनाएको छ ।

निर्वाचनमा पत्रकार ऋषि धमलाले रौतहट-४ बाट उम्मेदवारी दर्ता गरे । काठमाडौंबाट नायिका निसा अधिकारीले उम्मेदवारी दर्ता गरिन् । धमलाले प्रभु साह नेतृत्वको आम जनता पार्टीबाट उम्मेदवारी दिएका हुन् ।

उनकी श्रीमती एलिजा गौतम आजपाकी उपाध्यक्ष हुन् । धमला धादिङका हुन् । उनी प्राइम टेलिभिजनमा जनता जान्न चाहन्छन् कार्यक्रम चलाउँदै आएका थिए ।

सबैभन्दा बढी उम्मेदवारी रुपन्देहीमा परेको छ । आयोगका अनुसार रुपन्देही-२ मा ३५ र रुपन्देही-३ मा ३७ जनाको उम्मेदवारी परेको छ ।

सबैभन्दा कम मुस्ताङमा ४ को उम्मेदवारी परेको छ । मनाङमा ५ जनाको उम्मेदवारी दर्ता भएको छ ।

# मन्दिरमा साहको चयन

**विराटनगर (न्यू सृष्टि दैनिक)-** विराटनगर-९ स्थित पञ्चमूखी हनुमान मन्दिर संचालक समिति अध्यक्षमा समाजसेवी एवं अभियन्ता राकेशकुमार साह चयन भएका छन् ।

साह विराटनगरस्थित दर्जनौं सामाजिक संघ संस्थामा आवद्ध छन् । समितिको साधारण सभाले साहलाई अध्यक्षमा चयन गरेको हो ।

समितिको उपाध्यक्षमा समाजसेवी जुगलकिशोर राठी, पशुपति भगत र दिनेशकुमार साहको चयन गरियो ।

सचिव मुक्तेश्वरप्रसाद साह, सह- सचिव राकेशलाल कर्ण र कोषाध्यक्षमा मनिष साहलाई चयन गरिएको छ । सविता घिमिरे विनोदकुमार साह, नारायण कामत, अर्जुनप्रसाद साह, लक्ष्मी सहनी मुखिया र धर्मेन्द्रकुमार गुप्ता समितिका सदस्य बने ।

समितिका निवर्तमान अध्यक्ष भगवानलाल साहलाई मन्दिर सल्लाहकार समितिको संयोजक तोकिएको छ । न्यू सृष्टि दैनिकसँग कुरा गर्दै अध्यक्ष राकेशले ऐतिहासिक मन्दिरको दिव्यता, भव्यतालाई अक्षुर्ण राख्ने बताए । उनले मन्दिरको गरिमा वृद्धिका लागि निःस्वार्थभई सेवामा जुट्ने प्रतिवद्धता जनाए ।

# डा. कोइराला पक्षबाट मोरङमा चार

**विराटनगर (न्यू सृष्टि दैनिक)-** मोरङ, सुनसरीसहित कोशी प्रदेश र अन्य धेरै जिल्लामा डा. शेखर कोइराला समूहबाट टिकट पाउने अत्यधिक देखिएका छन् ।

शेरबहादुर देउवाले खोसेको मोरङ-२ मा डा. मीनेन्द्र रिजाललाई स्थापित गरिएको छ ।

०७९ मा सभापति देउवाले उनलाई टिकट नदिएर सुजाता कोइरालालाई उम्मेदवार बनाए तर, उनी हारिन् । डा. कोइराला पक्षबाट ३ मा डा. सुनिल शर्माले उम्मेदवारी पाएका छन् ।

उनी विजय हुने उम्मेदवारका रुपमा हेरिन्छन् । मोरङ-४ मा डा. कोइरालालाई लामो समय साथ दिएर विशेष महाधिवेशनको पक्षमा लागेका गुरुराज घिमिरेलाई टिकट दिइएको छ ।

नेकां मोरङका सभापति डिगबहादुर लिम्बूले पनि मोरङ-१ बाट टिकट पाएनन् । उर्लाबारीका पूर्वमेयर खड्ग फागो लामो समयसम्म कृष्ण सिटौला समूहमा थिए । र, पछिल्लो समय गगन थापा निकट हुन् । ५ मा अमृत अर्याल पक्षधर फूलकुमार लालवानी आएका छन् । उनी सभापति गगन थापा पक्षधर हुन् ।

सुनसरी-२ मा पनि डा. कोइराला पक्षका राजीव कोइरालाले उम्मेदवारी पाएका छन् ।

## क्लीक ! क्लीक !!



**कुन फल होला ? :** यो फलको नाम डुरियन हो । यसलाई फलहरूको राजा पनि भनिन्छ । यसको बारेमा केही रोचक कुराहरू यहाँ छन् । स्वाद र बासनाः यो फल निकै स्वादिलो र क्रिमी हुन्छ, तर यसको गन्ध धेरै कडा हुन्छ । बासनाकै कारण धेरै सार्वजनिक ठाउँहरू, होटल र विमानहरूमा यसलाई लैजान निषेध छ । बाहिरबाट हेर्दा यो फल काँडाले भरिएको हुन्छ र भित्र नरम, पहेंलो गुदी हुन्छ । यो मुख्यतया दक्षिण-पूर्वी एसियाली देशहरू जस्तै थाइल्याण्ड, मलेसिया र इन्डोनेसियामा पाइन्छ । के तपाईंले यो फल पहिले कहिल्यै चाख्नुभएको छ ?

विराटनगर महानगरपालिकाको अनुरोध
कर तपाईंहरूकै नगरको विकासका लागि भएकाले कर करले मात्र नभई रहरले तिरौं ।

ॐ शान्ति ज्वेलर्स
विराटनगर
यहाँ आधुनिक सुन चाँदीका आकर्षक गहना बनाइनुका साथै सस्तो र सुलभ मुल्यमा उपलब्ध छ ।
प्रो. महेश कुमार साह (स्वर्णकार)
सम्पर्क नं. ९८१४३१८२७७, ९८०७००२८२०




अन्स सेफ्टी टैंकी सेवा
अत्याधुनिक मेसिनद्वारा भित्रदेखि घोलेर झोल, चोक्टा सहितको ढल, सेफ्टी टैंकी हज तथा रिङ सफा गर्नु परेमा छिटो भरपर्दो तथा सस्तो मुल्यमा तपाँइहरुको सेवा गर्न हामी हाजिर छौं । साथै अन्य कुनै किसिमको सफाई गराउनु परेमा सम्पर्क गर्नुहोला ।
सुरज मरिक
९८४२४६८९८६, ९८१०४२५५६७
विराटनगर-१,१ जनपथ टोल

चौविसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा
कोशी प्रदेश, नेपाल

**प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

तेस्रो पटक सूचना प्रकाशित मितिः २०८२/१०/०७

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ.व. २०८२/०८३ को विनियोजित बजेट अनुसारको तोकिएका विकास योजनाहरु (वस्तु तथा सेवा) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ बमोजिम खरिद गरी कार्यान्वयन गर्नुपर्ने भएकोले सूचीकृत फर्महरुलाई ७ दिनभित्र प्रस्ताव पेश गर्नहुन अनुरोध छ।

**पुनश्च : विकास योजनाको सूची र प्रस्ताव फारमको (Soft/Hard Copy) योजना शाखाबाट उपलब्ध हुनेछ।**

त्रिभुवन विश्वविद्यालय
डिग्री क्याम्पस, विराटनगर

**दररेटको बोलपत्र पेश गर्ने सूचना**

प्रकाशित मिति : ०८२/१०/७

विराटनगर महानगरपालिका वडा नं. १४ मा अवस्थित डिग्री क्याम्पस विराटनगरको पुरानो जिर्ण प्रशासनिक भवन (Old Airport Building) एक तल्ले भवन भत्काउन न्यूनतम रकममा नघट्ने गरी तपसिलमा उल्लेखित कुराहरूको अधीनमा रही शिलबन्दी दररेटको बोलपत्र पेस गर्न यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. बोलपत्र पेस गर्ने कार्यालय : डिग्री क्याम्पस विराटनगर।
२. बोलपत्र पेस गर्ने अन्तिम मिति : २०८२/१०/१३ गते कार्यालय समयभित्र (बिहान ७:०० बजेदेखि १:०० बजेसम्म)
३. बोलपत्र खोलिने मिति : २०८२/१०/१४ गते बिहान ८:३० (बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। तोकिएको समयमा निजहरू अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न सकिने छ। बोलपत्र बुझाउने वा खोल्ने दिन विदा परेमा सो को भोलिपल्ट सो कार्य गरिने छ।
४. सूचनामा उल्लेख नभएका कुराहरूको हकमा : प्रचलित कानून बमोजिम हुनेछ। यस सम्वन्धमा कुनै कुरा बुझ्न आवश्यक परेमा कार्यालय समयभित्र क्याम्पस प्रशासन शाखामा सम्पर्क राख्न सकिने छ।

**शर्तहरू**


- बढी रकम कबोल गर्ने बोलपत्रवालाको बोलपत्र स्वीकृत गरिने छ।
- बोलपत्र साथ आफैंले प्रमाणित गरेको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्ने छ। (रुजुको लागि सक्कल नागरिकता समेत लिई आउनु पर्नेछ। कम्पनी, फर्म भएमा कम्पनी दर्ता, कर चुक्ता लगायतका कागजपत्र पेश गर्नुपर्नेछ।)










पब्लिकेशन्स न्यू सृष्टिद्वारा प्रकाशित तथा हंसवाहिनी प्रिन्टर्स एण्ड पब्लिकेशन प्रा.लि., विराटनगरद्वारा मुद्रित । कार्यालय मेनरोड, विराटनगर-३, फोन : ९८४९०७८७२, ९८५२०२०७००, इमेलः nsdainik@gmail.com
अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादकः शंकर खरेल